धादिङ जिल्लाबाट प्रकाशित पहिलो दैनिक    जि. प्र. का. दर्ता नं. ०६/०६१/०६२ जि. हु. का. दर्ता नं. ०६/०६९/७०

# प्रत्यूष
National Daily राष्ट्रिय दैनिक

ग्राहक बन्नु परेमा पत्रिका नियमित नआएमा ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो भएमा कल गर्नु पर्दैन ।
९८५११२०८५०
भाईवरमा SMS मात्र गर्नुहोस्
"हामी यता बाट कल गर्छौं"

स्क्यान गर्नुहोस्
ई-पेपर हेर्नका लागि

वर्ष २३, अङ्क ७८ ◆ २०८३ असोज १८ आइतवार ◆ Sunday, October 4, 2026 ◆ ने सं ११४६ ◆ धादिङ ◆ Pratyus National Daily ◆ पृष्ठ ४ ◆ मूल्य रु. ५/-

## बेगनास तालमा डुबेर युवकको मृत्यु

❑ *प्रत्यूष समाचारदाता*

कास्की । पोखरा महानगरपालिका-३१ स्थित बेगनास तालमा नुहाउने तथा पौडी खेल्ने क्रममा शनिबार साँझ एक युवकको डुबेर मृत्यु भएको छ ।

सल्यान घर भई हाल पोखरा महानगरपालिका-१४ खसीबजार बस्दै आएका अन्दाजी २४/२५ वर्षीय नरेश विककाे तालमा डुबेर मृत्यु भएको सशस्त्र प्रहरी बल कालिका गण पोखराका गणपति वसन्तबहादुर सिंहले जानकारी दिनुभयो ।

उहाँका अनुसार विक तालमा बेपत्ता भएको खबर प्राप्त भएपछि कालिका गणबाट सशस्त्र प्रहरी निरीक्षक शरणबहादुर खड्काको कमाण्डमा गोताखोर सहित ११ जनाको टोली खोज तथा उद्धारका लागि साँझ ५:५५ बजे घटनास्थलतर्फ परिचालन भएको थियो । गोताखोर सशस्त्र प्रहरी जवान देवराज खनाल र युवराज श्रेष्ठले साँझ ७:०० बेगनास तालमा खोजी गर्ने क्रममा करिब २५ फिट पानी मुनिबाट विकलाई मृत अवस्थमा उद्धार गरेका थिए । मृतकको शव परीक्षणका लागि पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानअन्तर्गतको पश्चिमाञ्चल क्षेत्रीय अस्पतालमा पठाइएको सशस्त्र प्रहरीले जनाएको छ ।

## तमोर नदीमा बगेर एक किशोर बेपत्ता

तेह्रथुम । यहाँको म्याङलुङ नगर पालिका-१ लुमुघाट स्थित तमोर नदीमा नुहाउने क्रममा एक किशोर बेपत्ता भएका छन् । सदरमुकाम म्याङलुङस्थित दीपज्योति इङ्लिस बोर्डिङ स्कुल कक्षा १० मा अध्ययनरत डिप्लक लिम्बू नदीमा बगेर बेपत्ता भएका हुन् ।

पाँचथरको कुम्मायक गाउँपालिका-३ स्थायी ठेगाना भई तेह्रथुमको म्याङलुङमा बसोबास गर्दै आएका दिलीप सम्बाहाम्फेका १६ वर्षीय छोरा डिप्लक शनिबार साथीहरू सँग नुहाउन भनि तमोर नदी गएका थिए । नुहाउने क्रममा नदीमा बगेर बेपत्ता भएका उनका साथीले बताएको प्रहरीले जनाएको छ ।

घटनाबारे जानकारी प्राप्त हुनासाथ घटनास्थलमा प्रहरी टोली परिचालन गरी बेपत्ता किशोरको खोजी गरिरहेको जिल्ला प्रहरी कार्यालय तेह्रथुमका प्रमुख, प्रहरी नायब उपरीक्षक लक्ष्मण ओलीले बताउनुभयो ।

## लन्डनस्थित पशुपतिनाथ मन्दिरबाट बाढीपीडितलाई ५० लाख सहयोग

गुल्मी । बेलायतको लन्डनस्थित पशुपतिनाथ मन्दिर व्यवस्थापन समितिले नेपालका बाढीपीडितको राहतका लागि ५० लाख रूपैयाँ सहयोग गरेको छ । समितिका उपाध्यक्ष तारा भट्टराईको नेतृत्वमा सङ्कलित उक्त रकम बेलायतका लागि कार्यवाहक नेपाली राजदूत विपिन दुवाडीलाई हस्तान्तरण गरिएको हो ।

सङ्कलित उक्त रकम राज दूतावास मार्फत प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा जम्मा गरिएको मन्दिर व्यवस्थापन समितिका अध्यक्ष रोमनाथ पाण्डेले जानकारी दिनुभयो ।

सो अवसरमा कार्यवाहक राजदूत दुवाडीले विपद्का बेला प्रवासमा रहेका नेपाली समुदायले मातृभूमिप्रति देखाएको सहयोग र सद्भाव महत्त्वपूर्ण रहेको समेत बताउनुभएको थियो ।

उहाँले बाढीपहिरोजस्ता विपद्बाट प्रभावित नागरिकको राहत तथा पुनःस्थापनामा प्राप्त सहयोगले ठूलो अर्थ राख्ने बताउनुभएको थियो ।



सो अवसरमा मन्दिर व्यवस्थापन समितिका उपाध्यक्ष तारा भट्टराईले नेपालमा विपद्का कारण नागरिक समस्यामा परेका बेला मन्दिरकोतर्फबाट धेरै भए पनि सहयोग गर्ने उद्देश्यले उक्त रकम सङ्कलन गरिएको छ ।

उक्त रकम जनैपूर्णिमा, कृष्णजन्माष्टमी र हरितालिका पर्व (तीज) का अवसरमा मन्दिरमा आएका नेपाली तथा विदेशी भक्तजनबाट प्राप्त दानबाट सङ्कलन गरिएको उपाध्यक्ष भट्टराइले जानकारी दिनुभयो । तेइस वर्षअघि स्थापना गरिएको लन्डनस्थित पशुपतिनाथ मन्दिरले नेपालमा बाढीपीडितका लागि पहिलो पटक आर्थिक सहयोग गरेको मन्दिर व्यवस्थापन समितिले जनाएको छ । मन्दिर व्यवस्थापन समितिले बेलायतमा रहेका नेपाली समुदाय र भक्तजनको सहयोगमा धार्मिक तथा सामाजिक गतिविधि सञ्चालन गर्दै आएको छ ।

# रास्वपाद्वारा निर्वाचनका लागि उम्मेदवार छनोट समिति गठन

❑ *प्रत्यूष समाचारदाता*

काठमाडौँ । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) केन्द्रीय समितिको आज बसेको बैठकले आगामी स्थानीय निर्वाचनका लागि केन्द्रीय उम्मेदवार छनोट समिति गठन गरेको छ ।

रास्वपा सभापति रवि लामिछानेको सभापतित्वमा शनिबार पार्टीको केन्द्रीय कार्यालय वनस्थली, काठमाडौँमा बसेको केन्द्रीय समिति बैठकले पार्टी महामन्त्री विपिन आचार्यको संयोजकत्वमा समिति गठन गरेको हो ।

रास्वपाका प्रवक्ता जगदीश खरेलले केन्द्रीय समितिको बैठकले केन्द्रीय उम्मेदवार छनोट समितिमा मिलन लिम्बू, रहबर अन्सारी, तोसिमा कार्की, कविन्द्र बुर्लाकोटी, सुशान्त बैदिक, टासी ल्हाजोम र जनकसिंह धामीलाई सदस्य मनोनित गरेको जानकारी दिनुभयो । सो समितिमा पार्टीका सातै प्रदेशका सभापतिहरू पदेन सदस्य रहने बताइएको छ । बैठकले विभिन्न केन्द्रीय विभागका प्रमुख तथा उपप्रमुखसमेत मनोनयन गरेको छ । प्रवास सम्पर्क विभागमा मनिष झा, आर्थिक व्यवस्थापन विभागमा डा मनोहर प्रधान, कानुनी मामिला तथा संस्थागत अनुपालन विभागमा मोहनलाल आचार्य, सामाजिक न्याय, लैङ्गिक समानता तथा समावेशिता विभागमा रुविना आचार्य, सुशासन तथा राज्य व्यवस्था विभागमा सुदीप ढकाल लाई प्रमुखको जिम्मेवारी दिइएको छ ।

त्यस्तै, विधायन, संसदीय मामिला तथा न्याय प्रणाली विभागमा सुलभ खरेल, कृषि, भूमि व्यवस्था तथा सहकारी विभागमा ज्ञानेन्द्र महता, श्रम, रोजगारी तथा सामाजिक सुरक्षा विभागमा दीपककुमार साह (महोत्तरी), आपूर्ति, बजार सुशासन तथा उपभोक्ता अधिकार विभागमा शर्मिला खनाल र विज्ञान, सूचना प्रविधि, नवप्रवर्तन तथा स्टार्टअप विभागमा आनन्द बहादुर चन्दलाई प्रमुख मनोनयन गरिएको छ ।

संस्कृति, पर्यटन तथा राष्ट्रिय सम्पदा विभागमा डा धनञ्जय रेग्मीलाई प्रमुख र सम्राट बुद्धाथोकीलाई सदस्यमा मनोनयन गरिएको छ । त्यसैगरी, वातावरण, जलवायु तथा प्राकृतिक स्रोत विभागमा धर्म केसी तथा सामाजिक न्याय तथा समता प्रवर्द्धन विभागमा रिमा विश्वकर्मालाई प्रमुख मनोनयन गरिएको छ ।

अभियान तथा प्रचारप्रसार विभागको उपप्रमुखमा आनन्द मिश्र र अर्थ विभागमा डिल्लिश्वोर कार्की (रोहन)लाई उपप्रमुख मनोनयन गरिएको छ । बैठकले केन्द्रीय समिति र प्रतिनिधिसभा सदस्यको नेतृत्वमा 'हामी आउँदै छौँ' अभियान सञ्चालन गर्ने निर्णयसमेत गरेको छ । यही असोज २० देखि २७ गतेसम्म केन्द्रीय सदस्य तथा सांसदहरूले ७७ जिल्लाका ७५३ पालिकासम्म पुगेर जनता, पार्टी तथा सरोकारवालासँग छलफल तथा सुझाव सङ्कलन गर्नेछन् । बैठकले सबै केन्द्रीय सदस्य तथा सांसदलाई अनिवार्य रूपमा परिचालित हुन निर्देशन गरेको छ ।

यसैगरी, रास्वपा मधेस प्रदेशको सङ्गठनको समस्या तथा समाधानका सम्बन्धमा सहमहामन्त्री हरि ढकालको संयोजकत्वमा गठित कार्यदलले विस्तृत प्रतिवेदन केन्द्रीय समिति बैठकमा पार्टी सभापति रवि लामिछानेलाई बुझाएको छ । उक्त प्रतिवेदनको अध्ययनपछि पार्टीले उपयुक्त कदम चाल्ने बैठकले जनाएको छ ।

पार्टीको केन्द्रीय कार्यालय अन्यत्र सार्नुपर्ने आवश्यकता महसुस गर्दै पार्टीका लागि जमिन/घर किन्न काठमाडौँ उपत्यकाको पायकपर्ने स्थानमा खोजी गर्न पार्टीका सदस्य तथा शुभेच्छुकलाई अनुरोध गर्ने निर्णयसमेत बैठकले गरेको छ ।

बैठकले नजिकिँदै गरेका नेपालीहरूका महान् चाड शुभ विजयादशमी, शुभ दीपावली, नेपाल संवत्को नव वर्ष तथा छठ पर्वका अवसरमा सम्पूर्ण नेपालीमा शुभकामना व्यक्त गरेको छ ।

## अधिकार रक्षाका लागि परिवर्तनकारी शक्तिबीच एकता हुनुपर्छ

❑ *प्रत्यूष समाचारदाता*

वीरगञ्ज । मधेशवादी दलका नेताहरूले लामो सङ्घर्ष र बलिदानबाट प्राप्त संवैधानिक अधिकार रक्षाको निम्ति मधेशवादी दलबीच एकता हुनुपर्ने आवश्यकता औँल्याएका छन् ।

जनमत पार्टीको दोस्रो राष्ट्रिय महाधिवेशनको उद्घाटन समारोहलाई शनिबार सम्बोधन गर्दै नेताहरूले महिला, मधेसी, दलित तथा उत्पीडित समुदायको संवैधानिक अधिकार कटौती हुने खतरा बढ्दै गएको उल्लेख गर्दै त्यसको रक्षा गर्दै थप अधिकारका निम्ति एकजुट हुनुपर्ने आवश्यकता औँल्याउनुभयो ।

जनता समाजवादी पार्टी (जसपा) नेपालका अध्यक्ष उपेन्द्र यादवले भन्नुभयो, "विगतका राजनीतिक आन्दोलनबाट प्राप्त उपलब्धिमाथि खतरा उत्पन्न भएको छ, अधिकार, पहिचान र प्राप्त उपलब्धिको रक्षाका लागि पुनःसङ्घर्ष गर्नुपर्ने समय आएको छ, नेपालमा अझै पनि मधेसी समुदाय विभेद र उत्पीडनमा रहेको छ ।"

मधेसवादी दलका धेरै राजनीतिक मुद्दा समान रहेको उल्लेख गर्दै उहाँले फरक-फरक रूपमा अघि बढ्नुभन्दा सहकार्य गरेर अगाडि बढ्नुपर्ने धारणा राख्नुभयो । अध्यक्ष यादवले राज्यका निकायमा मधेसी समुदाय को जनसङ्ख्याका आधारमा प्रतिनिधित्व सुनिश्चित गर्नुपर्नेमा समेत जोड दिनुभयो ।

नेपाल सङ्घीय समाजवादी पार्टीका अध्यक्ष रिजवान अन्सारीले मधेसवादी दल सत्ता केन्द्रित राजनीतिभन्दा जनकेन्द्रित राजनीति र परिणाममुखी राजनीतिक संस्कार हुनुपर्नेमा जोड दिनुभयो । मधेस, आदिवासी जनजाति, दलित, मुस्लिम, थारू, महिला तथा सबै उत्पीडित र सीमान्तकृत समुदाय को अधिकार सुनिश्चित नगरी समतामूलक नेपाल निर्माण गर्न नसकिने उहाँको भनाइ छ ।

प्रगतिशील लोकतान्त्रिक पार्टी (प्रलोपा) का केन्द्रीय सदस्य तथा मधेस प्रदेश अध्यक्ष अमिताभ बच्चन दासले सङ्घीय लोकतान्त्रिक गणतन्त्रबाट प्राप्त उपलब्धि र अधिकारको रक्षाका लागि सबै एकजुट हुनुपर्ने बताउनुभयो ।

जनमत पार्टीको दोस्रो राष्ट्रिय महाधिवेशन शनिबारदेखि वीरगञ्जमा सुरु भएको छ । महाधिवेशनले नयाँ केन्द्रीय कार्यकारिणी समिति चयन गर्नेछ । अध्यक्ष पदमा वर्तमान अध्यक्ष डा चन्द्रकान्त (सीके) राउतको मात्रै उम्मेदवारी परेको छ । तर, अन्य पदमा भने प्रतिस्पर्धा हुनेछ । विभिन्न पदमा कुल १०३ जनाले उम्मेदवारी दिएका छन् । सात उपाध्यक्षका लागि १४ जना, महासचिवमा तीन जना, उप महासचिवमा दुई जना र सात सचिव पदका लागि १० जनाले उम्मेदवारी दिएका छन् । त्यस्तै, केन्द्रीय कार्यकारिणी समिति सदस्य पदका लागि ७३ जनाको उम्मेदवारी परेको निर्वाचन समितिले जनाएको छ ।

## इन्धन अभाव हुँदा विकास निर्माणका काम प्रभावित

❑ *प्रत्यूष समाचारदाता*

मुस्ताङ । राष्ट्रिय गौरवको बेनी-जोमसोम सडक अवरुद्ध भएसँगै मुस्ताङमा पेट्रोलियम पदार्थ इन्धनको अभाव हुन थालेको छ । जसका कारण राष्ट्रिय गौरवको बेनी-जोमसोम-कोरला सडक तथा सङ्घीय, प्रादेशिक र स्थानीय तहका विकास निर्माण योजनाका काम प्रभावित भएको छ ।

मुस्ताङमा असोज ८ गतेखि ११ गतेसम्मको भारी वर्षा र त्यसबाट उत्पन्न बाढीपहिरो र नदी कटानका कारण कोरला नाकालाई जोड्ने राष्ट्रिय गौरवको (बेनी-जोमसोम) सडकमार्ग ६ दिनदेखि पूर्ण रूपमा अवरुद्ध छ । सडक अवरुद्धका मुस्ताङमा इन्धन ढुवानीमा बाधा पुगेसँगै सङ्घीय, प्रादेशिक तथा स्थानीय तहका विकास आयोजना प्रभावित बन्न थालेका हुन् । म्याग्दी-मुस्ताङको सिमाना थासाङ गाउँपालिका-४ घाँसामा एक डिजेल पेट्रोल पम्प सञ्चालनमा छ । त्यहाँ इन्धन सञ्चित मात्रा सकिँदै जान थालेको छ । बाढीपहिरो र नदी कटानले अवरुद्ध बेनी-जोमसोम सडकमार्ग मर्मतका लागि घाँसास्थित पेट्रोल पम्पमा जम्मा ७०० लिटर मात्रै डिजेल प्राप्त हुन सकेको छैन ।

म्याग्दीको गलेश्वर र तातोपानीबाट दुईतर्फी रूपमा सडक मर्मत गर्ने प्रयास भइरहेको भए पनि पर्याप्त इन्धनको व्यवस्था हुन नसक्दा समस्या पर्ने गरेको आयोजना प्रमुख शर्माले बताउनु भयो । एक साता बढीको बेनी-जोमसोम सडक अवरुद्धका कारण निर्माण व्यवसायीले सञ्चित गरेको डिजेल सकिँदै गइरहेकाले विकास निर्माणका काम अघि बढाउन समस्या परेको हो । पूर्वाधार विकास कार्यालय मुस्ताङका प्रमुख रविन चोख्यालका अनुसार लामो समय सडक अवरुद्ध निर्माण सामग्री तथा इन्धनको आपूर्ति हुन नसकेकाले विकास निर्माण कार्यमा बाधा पुगेको छ ।

निर्माण व्यवसायीले आवश्यकता अनुसार निर्माण सामग्री तथा इन्धनको जोहो गर्ने गरिएकोमा व्यवस्थापन गरिएको ईन्धन सकिँदै जान थालेकाले विकास योजना प्रभावित बन्न थालेको प्रमुख चोख्यालको भनाइ छ ।

## सम्पादकीय ....

### काँग्रेस र लोकतन्त्र

कांग्रेसजस्तो लामो राजनीतिक यात्राबाट आएको दलमा योगदानका स्वरूप अनेक छन् । कसैले प्रतिकूल समयमा संगठन जोगाएको छ । कसैले बौद्धिक श्रम दिएको छ । कसैले सामाजिक सेवाबाट विश्वास कमाएको छ । कसैले सार्वजनिक पदमा बसेर राम्रो काम गरेको छ । योगदानको मूल्यांकन गर्दा पदमा पुगेकाको अभिलेख देखिने र चुपचाप काम गर्नेको श्रम हराउने अवस्था आउन सक्छ। संस्थाले आफ्नो स्मृति फराकिलो बनाउनुपर्छ । इतिहासमा स्थान पाउन पहुँच आवश्यक पर्ने संस्कारले निष्ठाको मूल्य घटाउँछ ।

नेपाली कांग्रेसको १५औं महाधिवेशनले यो विषयलाई आफ्नो बहसको केन्द्रमा राख्नुपर्छ। कांग्रेसको भविष्य संगठनको आकारसँगै त्यस संगठनभित्र मानिसले अनुभव गर्ने मर्यादामा निर्भर छ । कार्यकर्ताले पार्टी आफ्नो पनि हो भन्ने अनुभूति गर्न सके मात्र संगठनमा अपनत्व रहन्छ । नाम सदस्यता अभिलेखमा हुने तर आवाज निर्णयसम्म नपुग्ने अवस्था लम्बियो भने सक्रियताको आवरणभित्र उदासीनता जम्न थाल्छ । कार्यकर्ताको सम्मान उसले नेताबाट पाउने आत्मीयतासँगै संस्थाभित्र पाउने अधिकारमा सुरक्षित हुनुपर्छ ।

नेतृत्वको आत्मीय व्यवहारको आफ्नै महत्व छ। दुःखमा सम्झनु, बिरामी हुँदा सोधखोज गर्नु र वर्षौंको योगदान चिन्नु राजनीतिक सम्बन्धका मानवीय पक्ष हुन् । यस्ता सम्बन्धले संगठनलाई जीवन्त बनाउँछन्। कार्यकर्ताको सम्पूर्ण राजनीतिक भविष्य व्यक्तिगत सम्बन्धमा निर्भर रह्यो भने सम्मान अस्थिर हुन्छ । नेता फेरिँदा अवसर फेरिने, समूह बदलिँदा योगदानको मूल्य घट्ने र प्रश्न उठाउँदा निकटता समाप्त हुने अवस्थाबाट संस्थागत सुरक्षा चाहिन्छ ।

कार्यकर्ताले सदस्यता पाउने स्पष्ट प्रक्रिया, अधिवेशनमा भाग लिने निष्पक्ष अवसर, निर्णयबारे जानकारी र अन्याय भएको अनुभूति हुँदा सुनुवाइ खोज्ने भरपर्दो बाटो पाउनुपर्छ। यी व्यवस्था व्यक्तिगत सदाशयताबाट प्राप्त हुने सुविधा ठानिनु हुँदैन। लोकतान्त्रिक संस्थाको सदस्य हुनुको अर्थ यस्ता अधिकारको प्रयोग गर्न पाउनु हो ।

नयाँ जिम्मेवारी दिँदा त्यससँग सम्बन्धित क्षमता, कामको तयारी, सार्वजनिक विश्वसनीयता र उत्तरदायित्व पनि हेर्नुपर्छ । वर्षौंको योगदानलाई बिर्सनु अन्याय हुन्छ । योगदानकै आधारमा अनिश्चितकालसम्म पदको अधिकार स्थापित गर्नुले नयाँ अवसरको ढोका साँघुरो बनाउँछ। परिपक्व संस्थाले अनुभवको सम्मान र जिम्मेवारीको आवधिक नवीकरणबिच न्यायपूर्ण सम्बन्ध बनाउँछ । स्पष्ट मापदण्ड बनाउने अभ्यास उपयोगी हुन्छ । अग्रजलाई सम्झने ठाउँ सम्मान समारोहमा सीमित हुनु आवश्यक छैन । उनीहरूको अनुभव संगठनको अध्ययन, विवाद समाधान र नयाँ नेतृत्वको मार्गदर्शनमा उपयोग हुन सक्छ । आन्तरिक लोकतन्त्रबारे चर्चा गर्दा निर्वाचनलाई स्वाभाविक रूपमा महत्त्व दिइन्छ । नेतृत्व चयनको निष्पक्ष निर्वाचन अनिवार्य छ । तर दुई अधिवेशनबिच सदस्यको भूमिका के रहन्छ भन्ने प्रश्न पनि उत्तिकै महत्वपूर्ण हुन्छ । चुनावको दिन मत दिने अधिकार भएको कार्यकर्ताले त्यसपछि वर्षौंसम्म निर्णयबारे जानकारी नपाउने अवस्था लोकतान्त्रिक सहभागिताको अपूरो रूप हो ।

## प्रिय टेकराज तिमीलाई बिदाइ होइन, बस् सम्मान.............

कालिका खड्का

प्रिय श्रीमान् 'जी' !

पशुपतिनाथमा यतिका धेरै मानिस भेला भएर तिमीलाई 'बिदाइ' गरे भन्ने लाग्यो होला । सायद देख्यौ होला तिमीले । कृपया त्यस्तो नठान । किनभने उहाँहरू तिमीलाई सदाका लागि बिदाइ गर्न होइन, उहाँहरू त तिम्रा सत्कर्मको सम्मानमा भेला हुनुभएको हो । परिवारजन, आफन्त, साथीभाइको समूह, सबै ।

आफ्नो ज्यान नै जोखिममा राखेर धेरैलाई जीवन दियौ तिमीले । पत्रकारितालाई भन्ने गरिएको आवाजविहीनहरूको आवाजको एक सच्चा पहरेदार तिमी थियौ । त्यसैले त कहिले मिटरब्याज पीडितको साथमा उभियौ त कहिले सहकारी पीडितको आँसु लेख्न । प्राकृतिक विपद् पीडितहरूका कथा र व्यथा धेरै लेख्यौ र आफ्नो लेखनीमार्फत् उनीहरूका लागि न्यायको याचना गरिदिन कहिल्यै पछि परेनौ । म नै साक्षी हुँ, पीडा भोग्न नसकेर रुँदै तिमीलाई फोन गर्नेहरू धेरै हुन्थे । पीडितले भक्कानिएका स्वरले न्यायका लागि समाचार लेखिदिन अनुरोध गर्ने गरेका आवाजहरू मेरो मन-मस्तिष्कमा अहिले पनि ताजै छन् ।

भोटेकोशी बाढीको मुखमा परेर तिमी विलय हुँदा तिम्रा लागि हामी रोएको तिमीले सुनेनौ । तिमीलाई बाढीले कति हिर्कायो, लुछ्यो, कति दुख्यो होला । कसरी सास त्याग्यौ होला ? तिम्रो त्यो पीडालाई कल्पना गर्न पनि सक्दिनौं । तिमीलाई त सास त्यागेपछि पीडा सकियो होला, मेरा लागि यो पीडा जीवनभर सकिने छैन । तिमीले साँच्चै, पत्रकारितामार्फत निमुखाको आवाज बोलेका कथाहरू अनगिन्ती छन् । दुई दशकको पत्रकारितामा तिमीले समाज र राष्ट्रका लागि जति जे गर्न सक्यौ नि, त्यो पूरै जिन्दगीमा दिएको योगदानभन्दा बढी छ । अथाह छ । तिमीले जीवन दिएकाहरूले सदा सम्झने छन् ।

'जिउँदा मान्छेहरूलाई इँटाभट्टामा जलाउने' अफ्ताव आलमसम्बन्धी समाचार लेख्दा ज्यानको बाजी राखेर रौतहट पुगेका थियौ । त्यत्रो जोखिममा रिपोर्टिङ गरेको सम्झिँदा अहिले पनि मेरो आङ सिरिङ्ग हुन्छ । एउटा पत्रकारको यतिसम्म आँट र हिम्मत देखेर उत्तिकै गर्व लाग्छ । सायद मेरो भागमा त्यो काम आइपरेको भए मेरा खुट्टा काँप्थे होलान् । त्यस्तो परिस्थितिमा मेरो मात्र होइन, धेरै पत्रकारको खुट्टा काँप्थे होलान् ।

तिमीले दाहसंस्कारमा 'नो डिस्काउन्ट'सम्बन्धी समाचार तयार गर्दा कोभिड-१९ को कहालीलाग्दो समय थियो । सरकारले सबैलाई घरमा बस्न अपिल गरेको थियो । तर, तिमीले पशुपति घुम्न जान्छु भनेर निस्कँदा जुन दृश्य देखेर समाचार तयार गऱ्यौ । त्यो परिवारका लालाबालाले त जीवनमा सास फेर्न पाए । नयाँ जीवन पाए नै । धेरै असहाय, विपन्नले अहिले निःशुल्क दाहसंस्कार गर्न पाएका छन् । ती स्मृतिहरू ताजै छन् । तिमी आफैं पनि पशुपति बेलाबेलामा जान्थ्यौ । अस्पतालमा उपचार गर्दागर्दै पैसा सकिएर दाहसंस्कार गर्न पैसा नभएकालाई तिमीले धेरैलाई सहयोग गर्‍यौं । आफ्नो खातामा पैसा नभएको बेला 'यो क्युआरमा पैसा हाल्देउ न' भनेर मलाई बेलाबेला भनिरहन्थ्यौ । तिमीलाई मन्दिर जाँदा पैसा धेरै साटेर लैजानुपर्थ्यो । सकेसम्म सबैलाई दिनुपर्ने तिम्रो बिर्सनै नसकिने बानीहरू ताजै छन् । कतिले तिमीलाई टेकराज भनेर नचिने पनि सहयोग गरिरह्यौ । सधैँ खोज, अध्ययन, अनुसन्धान गरेर मात्रै समाचार तयार गर्ने तिम्रो बानीबाट मैले पनि सिकेको छु । भूकम्प, कोभिड, बाढीपहिरो, डुबानदेखि टोनाडो सम्मका प्राकृतिक दुःख कष्ट आइपर्दा आफैं अघि सरेर गइहाल्थ्यौ । आफ्नो अफिसबाट 'यसो गरुँ' भनेपछि जतिबेला पनि 'नो' नभन्ने, कामप्रति ज्यादै इमानदार कलमजीवी मान्छे तिमी ।

कोभिड-१९ को सङ्क्रमण फैलिरहेको अत्यन्तै त्रासको बेलामा विदेशबाट पहिलो पटक नुवाकोटमा कोभिड सङ्क्रमणबाट मृत्यु भएको शव आयो भन्ने खबर आयो । दिउँसोको २:०० बजे हाराहारीको समय थियो । तिमी घरमै थियौ । नयाँ पत्रिकाबाट फोन आयो । 'टेकराजजी, तपाईं नुवाकोट रिपोर्टिङ गर्न जानुपर्ने भयो ।' पहिलो शब्दमै 'हुन्छ' भनेर स्वीकृति दियौ । 'हुन्छ' मात्रै भनेनौ, तत्काल एउटा झोलामा ल्यापटप, चार्जर हालेर हिँडिहाल्यौ । 'बाटोमा ढिला हुन्छ, खाजा खाएर जाऊ' भन्दा पनि हिँडिहाल्यौ । झमझम पानी परिरहेको थियो । बाइकमा चिप्लो बाटो राति १०:०० बजेतिर पुगेको खबर गरायौं ।

त्यहाँ पुग्दा कोभिड लिएर काठमाडौंबाट आएको भनेर कसैले बास दिएनन् रे । त्यो कहालीलाग्दो समयमा त्यो रातिको अवस्था कस्तो भयो होला ? भोक प्यासको त कुरै भएन । बस्ने बास छैन । यस्ता धेरै घटनाहरू रिपोर्टिङका समयमा तिमीले भोग्यौ । 'नयाँ पत्रिका'ले मात्र होइन, यति इमानदार, कर्तव्यनिष्ठ, यतिसम्म बफादार पत्रकार फेरि नेपाली मिडियाले पाउला कि नपाउँला ! कामप्रतिको मोह पनि त्यतिकै असाध्यै लोभलाग्दो थियो । काम गर्दै जाँदा रातिको १/२ बजेको पनि पत्ता नपाउने । आफ्नो काम नसकेसम्म गरिरहने । पदप्रतिको मोह कत्ति पनि थिएन । पैसाप्रतिको मोह पनि कहिल्यै देखिन । पैसा आवश्यकता हो तर ठूलो कुरा होइन, मानिसमा इमान चाहिन्छ, पत्र कारिता पेसामा त अझै धेरै इमान चाहिन्छ भन्थ्यौ । कसैले समाचार लेख्दा पैसाको प्रलोभन देखाउँदा 'तपाईं गलत ठाउँमा आउनुभएछ, कृपया जानुस्' भनेर नयाँ पत्रिका कार्यालयबाट पठाएको कुरा मलाई सुनाएको धेरै महिना बितेको छैन ।

पैसाको कमी तिमीलाई थियो होला तर कहिले पनि आफ्नो इमान छाडेनौ । जतिसुकै जोखिमको रिपोर्टिङमा जान पनि मैले रोकिन । मलाई सधैँ लाग्थ्यो र लाग्छ, 'हरेक मानिस स्वतन्त्र हुन्छ, जीवनसाथीको रूपमा मैले तिम्रो स्वतन्त्रता खोस्न मिल्दैन, श्रीमानप्रतिको मेरा धारणा सुनेर मेरा साथीहरू पनि अनौठो मान्थे । मैले सदा तिम्रो काममा साथ दिएँ किनकि तिमी सत्कर्ममा थियौ । सत्मार्गमा थियौ । सत्यको पक्षमा न्याय मिल्ने गरी कलम चलाउँथ्यौ ।

प्रिय जी ! तिमीलाई मैले मायाले बोलाउने नाम थियो । 'जी' तिमी इमानको अर्को नाम हौ । तिमीले मेरो काम, मेरो पढाइमा त्यति सहयोग गऱ्यौ । कहिलेकाहीं मलाई यस्तो मान्छे पनि हुँदो रैछ भन्ने लाग्थ्यो । दुवै जना पढ्दै गरेका विद्यार्थी, भर्खरै 'करिअर' सुरु गरेका । ब्याचलर सकेपछि विवाह भएको थियो । न परिपक्वता, न पढिसकेको, न राम्रो जागिर । त्यतिकैमा हाम्रो दुःखलाई मेटाउने खुसीको बहार लिएर छोरी जन्मिई । दुवै जना पत्रकारितामा स्नातकोत्तर भर्ना गर्ने तयारीमा थियौं तर छोरी कसले हेर्ने भन्ने प्रश्न आयो । तिमीले भन्यौ, 'तिमी पहिला पढ, म छोरी हेर्छु, अनि म पढुँला ।' मेरो पढाइ सकेपछि तिमीले स्नातकोत्तर गऱ्यौ । तिमीले मेरो काममा साथ नदिएको कुनै पल थिएन । मैले गर्छु भनेको काममा अवरोध गरेको कुनै सम्झना छैन । पलपलमा तिम्रो साथ थियो । 'जी' तिमीलाई बिर्सिने कुनै ठाउँ नै छैन ।

'जेनजी' आन्दोलन (२०८२ भदौ २३) को दिन नयाँ बानेश्वरको संसद् भवन अगाडि रिपोर्टिङमै थियौ । निषेधाज्ञा तोडियो । गोली चल्यो, पत्रकारलाई पनि गोली लाग्यो भनेपछि मैले त्यहाँबाट विस्तारै निस्क भनें । 'पत्रकार भएर डराएर हुन्छ ?' भनेर त्यहाँबाट निस्किनै मानेनौ । मैले फेरि धेरैपटक त्यहाँबाट निस्किन अनुरोध नै गरें । अनि बल्ल त्यहाँबाट हिँडेका थियौ । डर भन्ने अलिकति पनि नभएको निडरपनको पत्रकार, अदम्य साहसको प्रतीक हौ तिमी । साँच्चै, मलाई र छोरीलाई तिम्रो बानी देखेर धेरै अचम्म लाग्थ्यो । पत्रकार भएर डराउनु हुँदैन भन्ने तिम्रो दृढ मान्यता थियो । त्यही कुरा सायद प्रकृतिलाई पनि मन्जुर भयो ।

'जी' तिमीले साँच्चै सास फेर्न गाह्रो भएकालाई सास दियौ । बेसाहाराहरूको सहारा बन्यौ । सगरमाथा टेलिभिजन, एबिसी टेलिभिजन हुँदै नयाँ पत्रिका दैनिकमा लामो समय काम गर्दा कैयौं समाचार लेख्यौ । तिमीले समाचार का लागि समाचार होइन, न्याय, सुशासन र आवाजविहीनहरूको आवाज उठायौ । पत्रकारिताको इतिहासमा तिम्रो हिम्मत र साहसको सदा उच्च सम्मान र स्मरण हुनेछ । तिमी अब्बल पत्रकार मात्र होइन, तिमी कुशल शिक्षक थियौ । विद्यार्थीलाई पढाउँदा तिमीले जीवन दर्शन दिनुपर्छ भन्थ्यौ । छोरी 'बाबा मेरो स्कुलमा शिक्षक भएर आउनुस्' भनिरहन्थिन् । सरस्वती क्याम्पस, बागीश्वरी क्याम्पस र समृद्धि क्याम्पसमा पढाउँदा सधैँ विद्यार्थी लाई पुस्तकको ज्ञान मात्र होइन, जीवनमा असल नागरिक बन्ने कलासमेत पढाउँथ्यौ । एउटा असल शिक्षकले सयौं विद्यार्थीलाई असल नागरिक बनाउन सकिन्छ भनेको हिजोजस्तो लाग्छ । तिमीले विद्यार्थीलाई पढाउने प्रस्तुतिहरू कम्प्युटरमा तिम्रै प्रतीक्षा गरिरहेका छन् । कुशल पत्रकारिता र असल शिक्षक मात्र होइन, तिमी आफ्नो मातृभाषा थामी भाषामा पनि निकै निपुण थियौ । गोरखापत्रमा थामी भाषाको पृष्ठ संयोजक, थामी भाषाको पुस्तक लेख्ने, विद्यालयको पाठ्यक्रम तयार गर्ने, भर्खरै कक्षा चारको थामी भाषाको पुस्तक तयार गरेर पढाउन सुरु गरेका थियौ । नेपाल थामी समाजका अध्यक्ष रणबहादुर थामीसँग 'अब त थामी भाषाको पाठ्यपुस्तक लेख्न मलाई आइडिया आयो, म अरू किताब लेख्न सक्छु' भनेर खुसीले फोनमा कुरा गरेको अस्तित्वजस्तो लाग्छ तर तिम्रो हातले थामी भाषाको पुस्तक चार कक्षासम्म मात्र लेख्न भ्याए ।

(बाँकी आगामी अंकमा)


## पाठक वर्गमा अनुरोध

धादिङ जिल्लाबाट प्रकाशन हुँदै आएको धादिङ जिल्लाको पहिलो राष्ट्रिय दैनिक पत्रिका "प्रत्यूष राष्ट्रिय दैनिक तपाईंलाई कस्तो लाग्दैछ ? तपाईहरुको सल्लाह, सुझावको लागि अपेक्षा गर्दछौं । तपाईहरुको लेख, रचना,प्रकाशन गर्नुपर्ने सूचना तथा विज्ञापन भए हामीलाई इमेल मार्फत पठाउन सक्नु हुनेछ । तपाईहरुले पठाउनुभएको लेख रचनालाई प्राथमिकताको साथ प्रकाशन गर्नेछौं ।

प्रत्यूष National Daily राष्ट्रिय दैनिक


नीलकण्ठ -३, धादिङबेसी,
फोन ०१०-५२१४३०,९८५११२०८५०
Email : pratyushdainik@gmail.com


## पर्यटन प्रवर्द्धन गरौं

- **नेपालको प्राकृतिक, सांस्कृतिक तथा ऐतिहासिक सम्पदाको संरक्षण गरौं,**
- **कला, संस्कृति, भेषभुषा, भाषा, परम्पराको संरक्षण एवं प्रवर्द्धन गरौं,**
- **स्थानीय उत्पादन, हस्तकला तथा मौलिक खानाको प्रवर्द्धन गरौं,**
- **पर्यटकीय क्षेत्रको स्वच्छता र सौन्दर्यता कायम राखौं,**
- **पर्यटकप्रति सभ्य, सहयोगी र आतिथ्यपूर्ण व्यवहार गरौं,**
- **पर्यटन प्रवर्द्धन गरी स्थानीय समुदायको आर्थिक समृद्धिमा योगदान पु-याऔं,**
- **सुरक्षित र दिगो पर्यटन क्षेत्रको विकासमार्फत आर्थिक समृद्धिका लागि जिम्मेवार बनौं ।**

**पर्यटक हाम्रा पाहुँना हुन्, सहयोग र सम्मान गरौं ।**

नेपाल सरकार,
विज्ञापन वोर्ड

# कामपाले अब हुलाकमार्फत चिठी आदानप्रदान गन

❑ प्रत्यूष समाचारदाता

काठमाडौँ । काठमाडौँ महानगर पालिकाले अब हुलाकबाट चिठी पठाउनका लागि गोश्वारा हुलाक सँग सम्झौता गरेको छ। कामपाले गोश्वारा हुलाक कार्यालय डिल्ली बजारसँग सम्झौता गरेर विभिन्न निकाय तथा व्यक्तिलाई पत्र, प्रतिवेदन, निमन्त्रणा, प्रमाणपत्र तथा पार्सललगायत हुलाक वस्तु पठाउन सकिने व्यवस्था गरेको हो ।

कामपा प्रशासन विभागका प्रमुख महेश काफ्लेका अनुसार कामपाबाट हुने पत्राचारलाई व्यवस्थित, सुरक्षित र तोकिएको समयभित्र सम्बन्धित प्राप्तकर्तासम्म पुर्याउन हुलाक सेवाको प्रयोग गरिनेछ । कामपाका विभाग, महाशाखा, सचिवालय, एकाइ र आयोजनाबाट चलानी हुने पत्रलाई केन्द्रीय सम्पर्क एकाइमा सङ्कलन गरिने जनाउँदै उहाँले यसरी प्राप्त भएका पत्रलाई सम्बन्धित निकाय, जिम्मेवार पदाधिकारी वा कर्मचारी को ठेगाना र सम्पर्क विवरणसहित हुलाक कार्यालयलाई उपलब्ध गराइने बताउनुभयो । "हुलाक कार्यालयले महानगरबाट प्राप्त हुलाक वस्तु प्रणालीमा प्रविष्ट गरी वर्गीकरण गर्ने, पठाउने वा डेलिभरी एजेन्ट मार्फत सम्बन्धित प्राप्त कर्तालाई बुझाउनेछ। वितरणपछि प्राप्त हुने भर्पाइ महानगर पालिकालाई उपलब्ध गराउने र सेवाबापतको मासिक बिलसमेत पेस गर्ने व्यवस्था सम्झौतामा उल्लेख गरिएको छ", विभागका प्रमुख काफ्लेले भन्नुभयो । सम्झौताअनुसार कामपा क्षेत्रभित्र अत्यन्त जरुरी पत्र तथा हुलाक वस्तुका लागि 'सेम डे' (उही दिन) सेवा उपलब्ध हुनेछ। यस्तो सेवामा बढीमा दुई किलो सम्मका हुलाक वस्तु समावेश हुनेछन् । त्यसैगरी दुई किलोसम्मका पत्र वा अन्य सामानका लागि रजिस्ट्री सेवा तथा आवश्यकता अनुसार एक्सप्रेस मेल सर्भिस (द्रुत डाँक सेवा), पार्सललगायत अन्य सेवा प्रयोग गरिने काफ्लेले जानकारी दिनुभयो ।

रजिस्ट्री तथा पार्सलतर्फका वस्तु अर्को दिन वितरण गर्ने व्यवस्था गरिएको प्रमुख काफ्लेले जानकारी दिनुभयो । कामपाका क्षेत्रबाहेक काठमाडौँ जिल्लाका अन्य स्थानीय तह तथा ललितपुर र भक्तपुरका हकमा रजिस्ट्री सेवाअन्तर्गत अर्को दिन हस्तान्तरण गरी सम्भव भएसम्म सोही दिन वा अर्को दिन वितरण गरिने सम्झौतामा उल्लेख छ। अन्य जिल्लाका लागि प्रचलित हुलाक सेवाको डाँक सञ्चालन तालिकाअनुसार सेवा हुनेछ ।

सम्झौतामा हुलाक वस्तु हराउने, च्यातिने वा टुटफुट हुने जोखिम न्यूनीकरणका लागि महानगरपालिकाले सुरक्षित प्याकेजिङ गर्नुपर्ने र हुलाक कार्यालयले प्राप्तिदेखि वितरणसम्म उच्च सावधानी अपनाउनुपर्ने उल्लेख छ। प्राप्तकर्ताले वस्तु बुझ्न नमानेमा वा वितरण हुन नसकेमा सम्बन्धित हुलाक वस्तु कामपाको सम्पर्क एकाइमा फिर्ता हुनेछ। यो सम्झौता एक वर्षका लागि गरिएको उहाँले जानकारी दिनुभयो ।

# ऐतिहासिकस्थलमा कांग्रेसको १५औँ महाधिवेशन हुँदै

काठमाडौँ । नेपाली कांग्रेसका संस्थापक एवं प्रथम जननिर्वाचित प्रधानमन्त्री बिपी कोइरालाले निर्वासनबाट स्वदेश आगमनपछि पहिलो सार्वजनिक सम्बोधन गर्नुभएको स्थलमा पार्टीको १५औँ महाधिवेशन हुँदैछ। कांग्रेसको १५औँ महाधिवेशन आज (असोज १८ गते) दिउँसो २:०० बजे टुँडिखेल खुलामञ्चमा उदाटन हुँदैछ। त्यही टुँडिखेलमा कांग्रेसका अर्का संस्थापक नेता गणेशमान सिंहले निरंकुश सत्ताको अन्त्यका लागि भएको २०४६ सालको जन आन्दोलनको सफलताको उद्घोष गर्नुभएको थियो । महाधिवेशनको उद्घाटन सभापति गगनकुमार थापाले गर्नुहुने भने उद्घाटन सत्रमा कांग्रेसका शीर्ष नेताहरूका साथै मुलुकका प्रमुख राजनीतिक दलका शीर्ष नेताहरूको समेत सम्बोधन हुने बताइएको छ ।

महाविधेशनको तयारी सम्बन्धी जानकारी दिन शनिबार आयोजित पत्रकार सम्मेलनमा देवराज चालिसेले भन्नुभयो, "यो यसकारण पनि ऐतिहासिक महाधि-वेशन हो, जुन महाधिवेशनको प्रक्रियाबाट नवपुस्ताका ४४ हजार युवा जिम्मेवारीमा आएका छन् र उनीहरूसहितले छानेका सात हजारभन्दा बढी प्रतिनिधिहरू सहभागी हुँदैछन् ।"

गत पुस २८ देखि माघ ३ गते सम्पन्न कांग्रेसको दोस्रो विशेष महाधिवेशनपछि यो महाधिवेशन हुन लागेको उहाँले जानकारी दिनुभयो । कांग्रेसको यस महाधिवेशनबाट पैतिस वर्ष मुनिका युवाका साथ लोकतन्त्र सेनानी, श्रमिक तथा पेसागत समूह र विदेशमा रहेका नेपालीसमेत पहिलोपटक केन्द्रीय समितिमा प्रतिनिधित्व गर्ने अवसर पाउँदै छन् । 'ऊर्जाशील कांग्रेस, नयाँ सङ्कल्प' यस महधिवेशनको मूल मन्त्र राखिएको छ ।

"छलफल सत्रमा नयाँ सङ्कल्पका विषयमा गहन छलफल हुनेछ र यसको कार्यान्वयनको खाका तयार गरिने छ", प्रवक्ता चालिसेले भन्नुभयो, "यो महाधि-वेशनले यी सङ्कल्पलाई कसले कार्यान्वयन गर्न सक्छ भनेर नेतृत्व चयन गर्नेछ । यो महाधिवेशनको सम्पूर्ण प्रयास कांग्रेसमा विधि र पद्धति निर्माण गर्नमा केन्द्रित हुनेछ ।" नेपाली राजनीतिमा कांग्रेसले धेरै इतिहास रचेको र अब नयाँ इतिहास निर्माण गर्न चाहेको उल्लेख गर्दै उहाँले कांग्रेसले अब बिपी कोइरालालाई इतिहासबाट भविष्य सँग जोड्ने र यसका लागि देशको समृद्धिको वैचारिक आधार बिपी विचारलाई बनाइने जानकारी दिनुभयो ।

महाधिवेशनमा देश तथा विदेशबाट महाधिवेशन प्रतिनिधिहरू सहभागी हुन काठमाडौँ आउनेक्रम जारी रहेको र झण्डै सात हजार ५०० महाधिवेशन प्रतिनिधि रहने पार्टी कार्यालयले जनाएको छ ।

शनिबारैदेखि पार्टी केन्द्रीय कार्यालय सानेपामा महाधिवेशन प्रतिनिधिको दर्ता प्रक्रिया सुरु भएको छ । महाधिवेशन प्रतिनिधिले सहभागिता दर्ताबापत रु तीन हजार ५०० बुझाउनुपर्ने व्यवस्था गरिएको निर्वाचन समितिले जनाएको छ । त्यस्तै, आवास व्यवस्थापन समितिले हरेक निर्वाचन क्षेत्र, जिल्ला र प्रदेशबाट एक/एक जना संयोजक तोकेर सम्बन्धित भूगोलका महाधिवेशन प्रतिनिधिका लागि बसोबासको समन्वय गर्ने प्रबन्ध गरेको जनाएको छ ।



सहभागीले आवाससम्बन्धी जानकारी ह्वाट्सएप, एआई नम्बर र एसएमएसबाट प्राप्त गर्ने व्यवस्था मिलाइएको आवास व्यवस्थापन समितिले जनाएको छ । भोलि आइतबारको उद्घाटन कार्यक्रमपछि असोज १९ र २० गते बन्दसत्र सञ्चालन हुनेछ । बन्दसत्रमा सभापति, उपसभापति, महामन्त्री, र कोषाध्यक्षले अलगअलग प्रतिवेदन पेस गर्नुहुने तालिका छ ।

प्रतिवेदनमाथि भूगोलका आधारमा समूह बनाई तीन फरक हलमा छलफल हुनेछ। हरेक हलमा रहेका डिजिटल बोर्डबाट सहभागीले प्रस्तुत प्रतिवेदन सुन्न र हेर्न पाउनु हुने प्रवक्ता चालिसे बताउनुभयो । निर्वाचन समितिले असोज १९ गते अपराह्न २:०० बजेदेखि ६:०० बजेसम्म उम्मेदवारी मनोनयनको समय निर्धारण गरेको जनाएको छ। मनोनयन राष्ट्रिय सभागृहमा गरिनेछ । निर्वाचनको कार्यक्रम आवश्यकताअनुसार परिमार्जन हुनसक्ने निर्वाचन समितिले जनाएको छ ।

सहभागीहरूले प्रयोग गर्ने निजी कार तथा मोटरसाइकल पार्किङ गर्न भृकुटीमण्डप, राष्ट्रिय सभागृह र पुरानो बसपार्क क्षेत्र निर्धारण गरिएको छ। ठूला बसका हकमा भने माइतीघरदेखि भद्रकाली खण्डको एक लेनमा पार्किङ व्यवस्था मिलाइएको छ । कांग्रेसको १५औँ महाधिवेशनका सूचना अद्यावधिक गर्न महाधिवेशन स्थल खुलामञ्चमा मिडिया सेन्टर स्थापना गरी मिडिया ब्रिफिङ हुने उहाँले जानकारी दिनुभयो ।

# भूगर्भविद्हरूको टोलीद्वारा म्याग्दीका पहिरोको अध्ययन सुरु

म्याग्दी । भूगर्भविद्हरूको टोलीले आजदेखि म्याग्दीका पहिरो प्रभावित क्षेत्रको स्थलगत अध्ययन थालेका छन् । राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको समन्वयमा नेपाल भौगर्भिक समाजको नेतृत्वमा समाजका अध्यक्ष भास्कर खतिवडा सहितको प्राविधिक टोलीले पहिरोग्रस्त क्षेत्रमा विस्तृत स्थलगत अध्ययन थालेको हो ।

टोलीले बेनी बजारको सुरक्षाका लागि चुनौती बनेका खरेनी खोल्सा, खोरिया पाखो र क्याम्पस चोकमाथिको पहिरोग्रस्त क्षेत्रमा पुगेर प्राविधिक अध्ययन गरेको बेनी नगरपालिकाका प्रमुख सुरत केसीले जानकारी दिनुभयो । "नगरपालिकाको सिफारिस र जिल्ला विपद् व्यवस्थापन समितिको निर्णयअनुसार शुक्रबार बेनीमा आउनुभएका भूगर्भविद् र प्राविधिक को टोलीले आजदेखि नै अध्ययन सुरु गर्नुभएको छ", उहाँले भन्नुभयो, "बेनी बजारसहित नगरपालिका र जिल्लाका सबै जोखिमयुक्त क्षेत्रको प्राविधिक अध्ययन गर्ने योजना रहेको छ ।" टोलीले दिने सिफारिस को आधारमा पहिरो प्रभावित क्षेत्रमा अल्पकालीन र दीर्घकालीन रोकथाम का काम गरिने नगरप्रमुख केसीले बताउनुभयो । पहिरोको अवस्था र माटोको बनोटको अवस्था आँकलन गर्न ड्रोनबाट तस्बिर लिनुका साथै पहिरो खसेको स्थानबाट ढुङ्गा तथा माटोका नमूना सङ्कलन गरी वैज्ञानिक अध्ययन अघि बढाइने भूगर्भविद् एवं त्रिचन्द्र बहुमुखी क्याम्पसका उपप्राध्यापक चम्पक बाबु सिलवालले बताउनुभयो । "विभिन्न विधि र उपकरणको प्रयोगका साथै स्थलगत निरीक्षण गरेर पहिरो गएका क्षेत्रहरूको अध्ययन थालेका छौँ", उहाँले भन्नुभयो, "काठमाडौँबाट आएका चार, स्थानीय तहका प्राविधिक र भूगर्भविज्ञान अध्ययन गरेका स्थानीय जनशक्तिको तीन वटा समूह बनाएर पहिरोको अध्ययन थालेका छौँ ।" भूगर्भविद्को टोलीले स्थलगत अध्ययन तथा सङ्कलित नमूनाको विश्लेषण गरी सरकारलाई प्राविधिक प्रतिवेदन बुझाउनेछ । गत हप्ताको वर्षापछिको पहिरो र बाढीका कारण म्याग्दीमा सात जनाको मृत्यु, दुई जना बेपत्ता, २०० भन्दा बढी घरगोठमा पूर्ण क्षति र दर्जनौँ गाउँका बासिन्दा विस्थापित भएका छन् ।

म्याग्दीका सहायक प्रमुख जिल्ला अधिकारी कुलप्रसाद आचार्यले शुक्रबारसम्म १११ घरमा पूर्ण क्षति, ९३ घरमा आंशिक क्षति र ३४२ घर जोखिममा परेका जानकारी दिनुभयो । यो विवरण अझै थपिन सक्ने उहाँले सो क्रममा बताउनुभयो ।

असोज ८ देखि ११ गतेसम्मको झरिपछिको बाढी पहिरोका कारण म्याग्दीका मुख्य सडक, विद्युत् र सञ्चार सुविधा अवरुद्ध हुँदा जनजीवन प्रभावित बनेको छ। अवरुद्ध बनेका यातायात, सञ्चार र विद्युत् सुचारु गराउने प्रयास भइरहेको म्याग्दीका प्रमुख जिल्ला अधिकारी गणेश गैरेले बताउनुभयो ।

# आइटियुको दक्षिण एसिया क्षेत्रीय कार्यालय प्रमुखमा अनन्दराज खनाल

काठमाडौँ। नेपाल दूरसञ्चार तथा सूचना प्रविधि विज्ञ अनन्दराज खनाल अन्तरराष्ट्रिय दूरसञ्चार सङ्घ (आइटियु) को नयाँदिल्लीस्थित दक्षिण एसिया क्षेत्रीय कार्यालय तथा इनोभेसन सेन्टरको प्रमुखमा नियुक्त हुनुभएको छ ।

आइटियुको दूरसञ्चार विकास ब्युरोले गत सेप्टेम्बर २२ मा खनाललाई उक्त पदमा नियुक्त गरेको हो। उहाँले अक्टोबर १ देखि पदभार सम्हाल्नुभएको छ । आइटियुको आधिकारिक विवरणमा खनालको नियुक्तिलाई दक्षिण एसिया क्षेत्रीय कार्यालय तथा इनोभेसन सेन्टरको प्रमुखका रूपमा उल्लेख गरिएको छ ।

तीन दशकभन्दा बढी समयदेखि दूरसञ्चार, सूचना तथा सञ्चार प्रविधि (आइसिटी), डिजिटल रूपान्तरण, सार्वजनिक नीति, नियमन, साइबर सुरक्षा, डिजिटल पूर्वाधार तथा नवप्रवर्तनका क्षेत्रमा काम गर्दै आउनुभएका खनालले नेपाल दूरसञ्चार प्राधिक-रणमा १५ वर्षभन्दा बढी समय वरिष्ठ नेतृत्व तहमा रहेर काम गर्नुभएको थियो। प्राधिकरणमा रहँदा उहाँले दूरसञ्चार तथा आइसिटी नीति, नियमन, ब्रोडब्यान्ड, साइबर सुरक्षा, डिजिटल सेवा तथा अपाङ्गता भएका व्यक्तिका लागि आइसिटी पहुँचलगायत क्षेत्रमा काम समेत गर्नुभएको थियो । राष्ट्रिय साइबर सुरक्षा नीति, साइबर सुरक्षा सचेतना मूल्याङ्कन, वायरलेस ब्रोडब्यान्ड मास्टर प्लान तथा साइबर अपराधसम्बन्धी कानुनी व्यवस्थाका लागि भएका पहलमा उहाँको संलग्नता रहेको छ ।

# सम्पदा संरक्षणसम्बन्धी कानुन निर्माणको प्रयास गर्ने सभामुखको प्रतिबद्धता

ललितपुर । प्रतिनिधिसभाका सभामुख डोलप्रसाद अर्यालले ललितपुरसहित देशभरका नेवार समुदायको भाषा, कला, संस्कृति र सम्पदा संरक्षणका लागि आवश्यक कानुन निर्माणमा पहल गर्ने बताउनुभएको छ ।

शनिबार समाजको ३३औँ वार्षिक साधारणसभाको उद्घाटन गर्दै उहाँले सांस्कृतिक सम्पदा संरक्षण अहिलेको पुस्ताको जिम्मेवारी भएको बताउनुभयो ।

अर्यालले , परम्परा र मौलिक संस्कृतिको संरक्षणमा नेवार समुदायले महत्वपूर्ण योगदान पुऱ्याएको उल्लेख गर्नुभयो। उहाँले स्थानीय समुदायसँग प्रत्यक्ष संवादबाट प्राप्त विषयलाई कानुन निर्माणको प्रक्रियामा लैजान आफूले पहल गर्ने बताउनुभयो ।

# माग अनुरूपको पाठ्यक्रम र पठनपाठनमा जोड दिनुपर्छ : राष्ट्रपति पौडेल

ललितपुर । राष्ट्रपति रामचन्द्र पौडेलले प्रविधिको उच्चतम प्रयोगसँगै समयको माग अनुरूपको पाठ्यक्रम र पठनपाठनमा जोड दिनुपर्ने बताउनुभएको छ ।

ललितपुरको जावलाखेल स्थित सेन्ट जेभियर्स माध्यमिक विद्यालयको ७५औँ वार्षिकोत्सव कार्यक्रमको उद्घाटन समारोहलाई सम्बोधन गर्नुहुँदै राष्ट्रपति पौडेलले भन्नुभयो, "ज्ञान र सीपसँगै नैतिकता, अनुशासन, सिर्जन शीलता, सहकार्य, करुणा र सामाजिक उत्तरदायित्व भएका नागरिक निर्माण गर्नु आजको शिक्षाको प्रमुख दायित्व हो।" उहाँले आयात प्रतिस्थापन र निर्यात प्रवर्द्धनका निम्ति स्वदेशमै उत्पादन शील रोजगारीको अवस्था सिर्जना गरी हरेक नागरिकमा देशभक्तिको भावना अभिवृद्धि गर्ने शिक्षा प्रदानमा विशेष ध्यान दिनुपर्ने बताउनुभयो । "शिक्षा व्यक्तिको ज्ञान, विवेक, चरित्र र जिम्मेवारी बोधको विकास गर्ने सशक्त माध्यम हो, त्यसैले शिक्षाले व्यक्तिलाई आफ्नो समाज, संस्कृति, इतिहास र राष्ट्रप्रति सचेत तथा उत्तरदायी नागरिक बनाउन सघाउने हुनुपर्छ, नेपाल विभिन्न भाषा, संस्कृति, परम्परा र जीवन पद्धतिले समृद्ध देश हो, हामीले दिने शिक्षाले देशको यो भिन्नतालाई सम्मान गर्दै विद्यार्थीमा राष्ट्रिय एकता, सामाजिक सद्भाव र सहअस्तित्वको भावना विकास गर्न महत्त्वपूर्ण भूमिका निर्वाह गर्नु सम्भव छ", राष्ट्रपति पौडेलले भन्नुभयो ।

कुनै पनि शैक्षिक संस्थाका लागि निरन्तरता, प्रतिबद्धता, सेवा र योगदानको इतिहास भएको बताउँदै राष्ट्रपति पौडेलले ज्ञानको उज्यालो ज्योति छर्ने जेभियर्स स्कुलको जीवन्तयात्रा, अनुशासन, संस्कार, सेवा, जिम्मेवारी र मानवीय मूल्यलाई शिक्षाको एक अभिन्न अङ्गका रूपमा अघि बढाएको एउटा गौरवमय इतिहास हो भन्नुभयो । नेपालको शैक्षिक विकासमा यस विद्यालयले पुर्याएको योगदान प्रशंसनीय रहेको उल्लेख गर्दै उहाँले यहाँबाट शिक्षित विद्यार्थीहरूले देश तथा विदेशका विभिन्न क्षेत्रमा पुर्याउँदै आएको योगदान उत्तिकै अनुकरणीय रहेको बताउनुभयो ।

शिक्षाको वास्तविक उद्देश्य केवल परीक्षामा राम्रो परिणाम प्राप्त गर्नु वा प्रमाणपत्र हासिल गर्नुमा सीमित हुँदैन भन्नुहुँदै राष्ट्रपति पौडेलले परिवर्तनशील समयसँगै हाम्रा आधारभूत मानवीय मूल्यहरू अझ सुदृढ हुनुपर्ने आवश्यकता औँल्याउनुभयो ।

# पुम्दीभुम्दीको प्रवर्द्धनका लागि पर्वतीय दौड

कास्की । पोखराको फेवातालपारी अवस्थित पोखरा-२२ पुम्दीभुम्दीको प्रवर्द्धन गर्ने उद्देश्यले यही असोज २४ गते पर्वतीय दौड हुने भएको छ। पुम्दी-भुम्दी क्षेत्रको प्राकृतिक, सांस्कृतिक तथा पर्यटकीय सम्भावना लाई राष्ट्रिय तथा अन्तराष्ट्रियस्तरमा चिनाउने लक्ष्य राखिएको छ ।

फेवातालसँग जोडिएको र धार्मिक तथा पर्यटकीय सम्भावना बोकेको पुम्दीभुम्दी पछाडि परेको भन्दै दौडका माध्यमबाट यस ठाउँको प्रचारप्रसार गर्ने उद्देश्य राखिएको छ । पुम्दीभुम्दी विशाल महादेवको मूर्ति, विश्व शान्ति स्तूपा तथा बुद्ध पार्कका कारणले पर्यटनका लागि प्रचुर सम्भावना रहे पनि ओझेलमा परेको भन्दै पोखरा प्रवर्द्धन केन्द्रले तीन वर्षदेखि दौड आयोजना गर्दै आएको छ ।

पर्वतीय दौडका लागि हालसम्म १८ जिल्लाका ८० बढी धावकले नाम दर्ता गराइसकेको आज पोखरामा आयोजित पत्रकार सम्मेलनमा केन्द्रका अध्यक्षसमेत रहनुभएका कार्यक्रम संयोजक दीननाथ बरालले जानकारी दिनुभयो। उहाँका अनुसार खेल पर्यटनमार्फत ग्रामीण पर्यटन र कृषि अर्थतन्त्रलाई जोड्ने उद्देश्य राखिएको हो ।

"पोखरा आसपासका सम्भावित ग्रामीण पर्यटकीय गन्तव्यको पहिचान गरी बजार क्षेत्रमा आउने पर्यटकलाई ग्रामीण क्षेत्रसँग जोड्न पर्वतीय दौड प्रभावकारी माध्यम बन्ने अपेक्षा गरेका छौँ", संयोजक बरालले भन्नुभयो ।

विश्वशान्ति स्तूपबाट सुरु हुने दौड पुम्दीकोटस्थित विशाल महादेवको मूर्ति परिक्रमा गर्दै वडा कार्यालय, न्यालडाँडास्थित कालाबाङ घरेडी बुद्धपार्कमा पुगेर सम्पन्न हुनेछ । आयोजकका अनुसार आठ किलोमिटर दूरीको दौडमा खुला, वडास्तरीय खुला, महिला, यु-१६, विदेशी र भेट्रान्स गरी छ विधामा प्रतिस्पर्धा गराइनेछ। प्रतियोगितामा खुलातर्फ प्रथम हुने धावकले रु ५० हजार नगद पुरस्कार प्राप्त गर्ने भएका छन् ।

प्रतियोगितामा द्वितीय, तृतीय, चौथो र पाँचौं हुनेले क्रमशः रु ३० हजार, रु १५ हजार, रु सात हजार र रु तीनहजार प्राप्त गर्नेछन्। वडास्तरीय खुला, महिला र यू-१६ विधाका प्रथम, द्वितीय र तृतीय हुने खेलाडीले क्रमशः रु १५ हजार, रु सात हजार र रु तीन हजारसहित हित मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछन् । विदेशी धावकतर्फ विजेताले रु १५ हजार र उप-विजेताले रु सात हजार तथा भेट्रानतर्फ विजेताले रु १५ हजार र प्रमाणपत्र प्राप्त गर्नेछन्। पोखरा-२२ का वडाध्यक्ष हिमलाल बरालले फेवातालसँगै जोडिएको भए पनि पुम्दीभुम्दी पछाडि परेको समेत बताउनुभयो । लेकसाइडको तालपारि रहेको पुम्दी-भुम्दी क्षेत्रको खेल पर्यटन प्रवर्द्धनमा पर्वतीय दौडले महत्वपूर्ण योगदान पुर्याउने उहाँको भनाइ छ। पोखरा पर्यटन परिषद्का अध्यक्ष हरि भुजेलले पर्वतीय दौड प्रतियो-गिता आयोजक को मात्र नभई पोखराका सम्पूर्ण पर्यटन व्यवसायी समेतको अपनत्वको कार्यक्रम भएको बताउनुभयो ।

अन्तराष्ट्रिय स्तरमा नेपाल लाई पदक दिलाएका धावक प्रतियोगितामा सहभागी भएको अवस्थामा आवश्यक आतिथ्य सेवा उपलब्ध गराउने जानकारी दिनुभयो। खेलका माध्यमबाट पोखरा-२२ सहित समग्र पोखराका ग्रामीण क्षेत्रमा रहेको खेल पर्यटनको सम्भावना उजागर गर्न प्रतियोगिताले महत्त्वपूर्ण भूमिका खेल्ने आयोजक केन्द्रका उपाध्यक्ष असफल गौतमले बताउनुभयो ।

प्रतियोगितामा नेपाल पर्यटन बोर्ड र पोखरा महानगर पालिकाको प्रवर्द्धन, प्रदेश खेलकुद परिषद् गण्डकीको समन्वय तथा पोखरा महानगरपालिका-२२ को सहकार्य रहेको छ ।

प्रतियोगिता सम्पन्न गर्न अनुमानित रु १८ लाख ९७ हजार खर्च हुने केन्द्रका सचिव सागर सुनारले बताउनुभयो। प्रतियोगिताको प्रथम पुरस्कार अन्तरराष्ट्रिय म्याराथन धावक तथा सहारा युकेका पूर्वअध्यक्ष अवकाशप्राप्त लेफ्टिनेन्ट रिटायर्ड कुसाङकुमार गुरुङले प्रायोजन गर्नुभएको छ ।

# बाढीबाट प्रभावित कुकुरलाई खाद्य सामग्री सहयोग

काठमाडौँ । रसुवाको भोटेकोशीमा गत भदौ १० गते गएको बाढीबाट प्रभावित सामुदायिक कुकुरलाई खाद्य सामग्री सहयोग गरिएको छ।

विपद्का कारण बाटो अवरुद्ध भएपछि राहत तथा उद्धार सेवाबाट वञ्चित भएका रहेका कुकुरलाई नेपाल पशु कल्याण तथा वातावरण समाजले खाद्य सामग्री सहयोग गरेको हो। विपद्का कारण सडक र यातायात सम्पर्क विच्छेद हुँदा समस्यामा परेका कुकुरलाई 'टेम्पल डग रेस्क्यु' को आर्थिक सहयोगमा विश्व खाद्य कार्यक्रमको हेलिकप्टरमार्फत रसुवाको स्याफ्रु बेँसी पुगेर खाद्य सामग्री सहयोग गरिएको हो । नेपाल पशु कल्याण तथा वातावरण समाजकी अध्यक्ष सुमेदा गौतमले विपद्का कारण भोकै बस्न बाध्य कुकुरका लागि स्याफ्रुबेँशीसम्म पुगेर खाद्य सामग्री सहयोग गरिएको बताउनुभयो । मानिसका लागि राहत पुगिरहेका बेला बोल्न नसक्ने निर्दोष जीवहरू भोकै नपरून् भन्ने उद्देश्यले पहल गरिएको उहाँको भनाइ थियो ।



"मानिसका लागि राहत पुगिरहँदा बोल्न नसक्ने यी निर्दोष जीवहरू भोकै नपरून् भन्ने हाम्रो प्रयास हो, उनीहरूका लागि केही खाना पुर्याउन सक्नु ठूलो सन्तोषको विषय हो", अध्यक्ष गौतमले भन्नुभयो। नेपाल पशु कल्याण तथा वातावरण समाजका कार्यकारी निर्देशक हरिप्रसाद जोशीले विपद्का बेला पशुहरू उत्तिकै पीडित हुने भएकाले उनीहरूको जीवन र कल्याणलाई राहत तथा उद्धारको प्राथमिकतामा समेटिनुपर्ने समेत बताउनुभयो । "विपद् व्यवस्थापन मानिस केन्द्रित मात्र हुनुहुँदैन, मानिससँगै पशुको जीवन र कल्याणलाई राहत व्यवस्थापनको अभिन्न हिस्सा बनाउनुपर्छ", उहाँले भन्नुभयो। पशु कल्याण तथा वातावरणको क्षेत्रमा लामो समयदेखि सक्रिय अमि कट्टेलले विपद्का समयमा पशुहरूको अवस्था झनै संवेदनशील बन्ने भएकाले उद्धार तथा राहतका हरेक प्रयासमा उनीहरूलाई प्राथमिकताका साथ समेटिनुपर्ने बताउनुभयो। उक्त समाजले स्याफ्रुबेँसी क्षेत्रमा रहेका ६० भन्दा धेरै कुकुरलाई खाद्य सामग्री सहयोग गरेको हो ।

# बाढी प्रभावित राष्ट्रसेवक कर्मचारीका परिवारलाई नगद राहत

त्रिशूली (नुवाकोट)। भोटेकोशी हुँदै त्रिशूली नदीमा आएको बाढीमा परी मृत्यु भएका तथा बेपत्ता भएका राष्ट्रसेवक कर्मचारीका परिवारलाई शनिबार विदुरमा नगद राहत उपलब्ध गराइएको छ । नुवाकोट लाई जन्मथलो बनाइ राष्ट्रसेवामा कार्यरत कर्मचारीहरूको साझा संस्था राष्ट्र सेवक कर्मचारी समाज नुवाकोटले प्रभावित परिवारलाई राहतस्वरूप जनही रु २५ हजारका दरले नगद सहयोग उपलब्ध गराएको हो ।

समाजका अध्यक्ष उदय बहादुर रानामगरका अनुसार गत भदौ १० गते गएको विनाशकारी भोटेकोसी बाढीका कारण सरकारी तथा सरकारी स्वामित्वका सार्वजनिक सेवा प्रवाहमा कार्यरत नुवाकोटका २० जना राष्ट्रसेवक कर्मचारी मृत्यु तथा बेपत्ता भएको तथ्याङ्का आधारमा उनीहरूका परिवारलाई राहत उपलब्ध गराइएको हो। "राष्ट्र सेवामा समर्पित भएर कार्यक्षेत्रमा खटिएका कर्मचारी आफैँ बाढीमा परी प्रभावित हुनु दुःखद अवस्था हो", अध्यक्ष रानामगरले भन्नुभयो, "यस दुःखको घडीमा राष्ट्र सेवक कर्मचारी समाजका तर्फबाट नगद सहयोगसहित आगामी दिनमा प्रभावित परिवारलाई आवश्यक सहयोग र सहजीकरण गरिनेछ ।" समाजका अनुसार नुवाकोटलाई जन्मथलो बनाएर राष्ट्रसेवामा कार्यरत स्थायी तथा अस्थायी कर्मचारीमध्ये बाढीका कारण मृत्यु तथा बेपत्ता भएका २० जनाको परिवारलाई राहत उपलब्ध गराउने निर्णय गरिएको हो । बाढीबाट प्रभावित भएकामध्ये ११ जना व्यक्तिको परिवारलाई राहत रकम हस्तान्तरण गरिएको छ ।

बाँकीलाई पायक पर्ने स्थानमा पुगेर राहत उपलब्ध गराइने समाजका कोषाध्यक्ष कृष्णराज खतिवडाले जानकारी दिनुभयो । राहत उपलब्ध गराउन समाजमा आबद्ध ८३ जना कर्मचारीबाट रु दुई लाख ९० हजार सङ्कलन गरिएको थियो । उक्त रकममा समाजको कोषबाट रु दुई लाख थप गरेर जुटाएर प्रभावित परिवारलाई राहत उपलब्ध गराइएको समाजका सदस्य प्रकाश सिलवालले जानकारी दिनुभयो ।

नुवाकोटलाई जन्मथलो बनाई विभिन्न सरकारी सेवामा कार्यरत तथा सेवा निवृत्त विभिन्न कर्मचारीको साझा संस्थाका रूपमा रहेको राष्ट्र सेवक कर्मचारी समाजले जिल्लाको विकास, समृद्धि र सकारात्मक परिवर्तनमा योगदान पुर्याउने उद्देश्यले रचनात्मक गतिविधि सञ्चालन गर्दै आएको छ। समाजले नुवाकोटमा निःशुल्क स्वास्थ्य शिविर, सरकारी सेवा प्रवाहसम्बन्धी अभिमुखीकरण, क्षमता विकासलगायतका कार्यक्रम समेत सञ्चालन गर्दै आएको छ ।

# दुई महिनामा मधेसमा ४५९ विपद्का घटना, ९२ जनाको मृत्यु

जनकपुरधाम। मधेस प्रदेशमा चालु आर्थिक वर्ष २०८३/८४ को पहिलो दुई महिनामै विभिन्न विपद्का ४५९ घटना भएका छन् ।

ती घटनामा परी ९२ जनाको मृत्यु भएको छ भने ५०० भन्दा बढी परिवार प्रभावित भएका छन् । मधेस प्रदेश प्रहरी कार्यालय जनकपुरधामका अनुसार चालु आवको साउन र भदौ महिनामा भएका विपद्का घटनामा ४७ पुरुष, १९ महिला र २६ बालबालिकासहित ९२ जनाले ज्यान गुमाएका हुन् ।

उक्त अवधिमा आगलागी, बाढी, चट्याङ, करेन्ट, पानीमा डुब्ने, जङ्गली जनावरको आक्रमण, डुबानलगायत विपद्का घटना भएका छन् । विपद्का कारण मानवीय क्षतिसँगै घर, पशुचौपाया तथा अन्य भौतिक संरचनामा क्षति पुगेको छ ।

विपद्का विभिन्न घटना मध्ये करेन्ट लागेर मृत्यु हुनेको सङ्ख्या सबैभन्दा बढी रहेको छ । दुई महिनाको अवधिमा करेन्ट लागेर ३९ जनाको मृत्यु भएको मधेस प्रदेश प्रहरी कार्यालय जनकपुरधामका प्रवक्ता वरिष्ठ प्रहरी उपरीक्षक प्रभुप्रसाद ढकालले जानकारी दिनुभयो ।

त्यसैगरी पानीमा डुबेर २९ जनाको मृत्यु भएको छ । जङ्गली जनावरको आक्रमणबाट पाँच जना, चट्याङ लागेर तीन जना तथा आगलागीबाट एक जनाको मृत्यु भएको प्रहरीले जनाएको छ। अन्य विभिन्न विपद्का घटनामा १३ जनाको मृत्यु भएको छ। प्रहरीका अनुसार मृत्यु हुनेमा बाल-बालिकाको सङ्ख्या पनि उल्लेख्य छ । बाढी, डुबान तथा पानीमा डुब्ने घटनाका साथै करेन्ट र अन्य जोखिमपूर्ण घटनामा बाल बालिकासमेत पर्ने गरेका छन् । मधेसमा वर्षायामसँगै बाढी तथा डुबानको जोखिम बढ्ने गरेको छ। यस अवधिमा खोलानाला तथा नदीमा पानीको बहाव बढ्नुका साथै ग्रामीण क्षेत्रमा रहेका पोखरी, खाल्डाखुल्डी तथा जलाशयमा डुबेर मानिसको मृत्यु हुने गरेको प्रहरीले जनाएको छ ।

प्रदेश प्रहरी कार्यालयका अनुसार दुई महिनाको अवधिमा आगलागीका मात्रै ११२ घटना भएका छन्। आगलागीका कारण ठूलो मात्रामा धनमालको क्षति भएको छ। त्यसैगरी करेन्ट लागेका १०७ घटना भएका छन्। पानीमा डुबेका ३७, जङ्गली जनावरको आक्रमणका ३२, बाढीका १२ तथा चट्याङका १० घटना भएको प्रहरीले जनाएको छ ।

आगलागी र करेन्टसँग सम्बन्धित घटनाको सङ्ख्या उल्लेख्य देखिए पनि यी घटनामा मानवीय क्षति न्यूनीकरणका लागि पूर्व सावधानी तथा जनचेतनाको भूमिका महत्त्वपूर्ण हुने वरिष्ठ प्रहरी उपरीक्षक ढकालले बताउनुभयो।

विपद्का ४५९ घटनाबाट रु दुई करोड ९२ लाख ४७ हजार ५५५ बराबरको भौतिक क्षति भएको मधेस प्रदेश प्रहरी कार्यालयको तथ्याङ्कमा उल्लेख छ। आगलागीका घटनाबाट मात्रै २१२ परिवारका घर जलेका छन् । आगलागीबाट रु दुई करोड ७० लाख १३ हजार ३५० बराबरको क्षति भएको प्रहरीको तथ्याङ्कमा उल्लेख छ । त्यसैगरी बाढी तथा पहिरोबाट रु ११ लाख ९० हजार बराबरको क्षति भएको छ । चट्याङबाट रु तीन लाख, जंगली जनावरको आक्रमणबाट रु दुई लाख ७२ हजार तथा अन्य विभिन्न विपद्का घटनाबाट रु चार लाख ६३ हजार बराबरको क्षति भएको प्रहरीले जनाएको छ । सो अवधिमा भएका विपद्का घटनाबाट ५१० परिवार प्रभावित भएका छन् । विपद्का कारण कतिपय परिवार विस्थापित भएका छन् भने कतिपयको घर तथा सम्पत्तिमा क्षति पुगेको छ । बाढी तथा डुबानका कारण ग्रामीण क्षेत्रमा रहेका बस्ती, सडक तथा अन्य संरचनामा असर पर्ने गरेको छ । वर्षायाममा नदी तथा खोलाको पानी बस्तीमा पस्दा स्थानीयवासीलाई सुरक्षित स्थानमा सार्नुपर्ने अवस्था आउने गरेको वरिष्ठ प्रहरी उपरीक्षक ढकालको भनाइ छ । विपद्का समयमा प्रभावित नागरिकको उद्धार, सुरक्षित स्थानमा स्थानान्तरण तथा राहत वितरणका लागि स्थानीय प्रशासन, स्थानीय तह र सुरक्षा निकायले समन्वय गर्दै आएको उहाँले बताउनुभयो। विपद् व्यवस्थापन तथा उद्धार कार्यका क्रममा दुई हजार ८६९ जना प्रहरी परिचालन गरिएको प्रदेश प्रहरी कार्यालयले जनाएको छ ।

# भोटेकोशी बाढीका शव बोक्ने एम्बुलेन्स चालक सम्मानित

चितवन। भोटेकोशी बाढीले बगाएर चितवन ल्याएका शव नारायणी नदी किनारबाट भरतपुर अस्पतालसम्म ल्याउने र परीक्षणपछि व्यवस्थापन गर्न देवघाटसम्म पु र्याउने एम्बुलेन्स चालकलाई सम्मान गरिएको छ।

संयुक्त एम्बुलेन्स चालक सङ्घ नेपाल (ट्रेड युनियन सङ्घ) जिल्ला शाखा चितवनले शनिबार यहाँ आयोजना गरेको पाँचौँ साधारणसभा तथा अधिवेशनको अवसरमा चालकलाई सम्मान गरिएको हो । सो अवसरमा ६५ जना चालकलाई सम्मान गरिएको थियो ।

उहाँहरूलाई सम्मान गर्दै प्रमुख जिल्ला अधिकारी गणेश अर्यालले विपद्मा एम्बुलेन्स चालकले निर्वाह गर्नुभएको भूमिका प्रशंसनीय रहेको बताउनुभयो । उहाँले भन्नुभयो, "शव उठाउन हामीले नेतृत्व गर्नुपर्नेमा अघिअघि एम्बुलेन्स चालक र हामी पछिपछि भयौँ ।" विपद्मा गरिने यस्ता कार्यको राज्य पक्षबाट मूल्याङ्कन हुनुपर्ने उहाँले बताउनुभयो ।

सङ्घका केन्द्रीय अध्यक्ष नवराज लामिछानेले चालकहरूले नदीमा शव उठाउने, एम्बुलेन्समा राख्ने र झार्नेसम्मका काम गरेका बताउनुभयो । उहाँले भन्नुभयो, "तीन-चार दिनदेखि गन्हाइरहेका शव कुनै अप्ठ्यारो महसुस नगरी हामीले बोक्यौँ ।" कतिपय शव राख्ने ठाउँको अभावमा लामो समय एम्बुलेन्समा राख्नुपरेको उहाँले बताउनुभयो । सो अवसरमा जिल्ला प्रहरी कार्यालय चितवनका प्रमुख प्रहरी उपरीक्षक रामेश्वर पौडेलले विपद्मा चालकहरूले निर्वाह गर्नु भएको भूमिका प्रशंसनीय रहेको समेत बताउनुभयो । कार्यक्रममा चितवन मेडिकल कलेजका प्रमुख कार्यकारी निर्देशक प्रताप देवकोटा, भरतपुर अस्पतालका साइदिप घिमिरे, सङ्घका जिल्ला अध्यक्ष कल्याण लामा, सचिव मिलन श्रेष्ठ, नेपाल ब्लड डोनर्स एसोसिएसनका अध्यक्ष अर्जुन अधिकारीलगायतले आआफ्नो धारणा राख्नुभएको थियो । यसैबीच अधिवेशनले सन्तोष केसीको अध्यक्षतामा २९ सदस्यीय नयाँ कार्यसमिति चयन गरेको छ। भोटेकोशी बाढीको समयमा चितवनसहित धादिङ, नवलपरासी, तनहुँ, कास्की, नुवाकोटका एम्बुलेन्सले शव व्यवस्थापनमा खटिएका थिए । चितवनमा १३५ वटा एम्बुलेन्स सङ्घमा आबद्ध थिए। भोटेकोशी बाढीका सबैभन्दा बढी ३६९ वटा शव चितवनमा फेला परेका थिए ।

# चितवनका १०१ पत्रकारको आँखा परीक्षण

चितवन । नेपाल नेत्रज्योति सङ्घ चितवनद्वारा सञ्चालित भरतपुर आँखा अस्पतालमा शनिबार १०१ जना पत्रकारको आँखा परीक्षण गरिएको छ। नेपाल पत्रकार महासङ्घ चितवन शाखाले आयोजना गरेको निःशुल्क आँखा शिविरमा उनीहरूको आँखा परीक्षण गरिएको हो। शिविरमा आवश्यक चश्मा र औषधिसमेत निःशुल्क वितरण गरिएको थियो । महासङ्घका जिल्ला अध्यक्ष वसन्त पराजुलीका अनुसार शाखाका सदस्य र अन्य क्रियाशील पत्रकारहरूको आँखाको परीक्षण गरिएको छ ।

प्रत्युष नेटवर्क प्रा.लि द्वारा प्रकाशित तथा मुद्रित
कार्यालय:नीलकण्ठ न.पा-३, सुगमटोल, धादिङबेसी, कार्यालय फोन ०१०-५२१४३०, ०१०-५९०४३०
सम्पादक : रमेश अधिकारी, Email : pratyushdainik@gmail.com,Website:epratyush.com